शुद्धोदन गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः१० संख्या :६ मितिः- २०८३/०४/२५ (अतिरितांक)

भाग – २

शुद्धोदन गाउँपालिका

मानपकड़ी, लुम्बिनी प्रदेश

# पशुपन्छी तथा मत्स्य बिकास कार्यक्रम संचालन कार्यबिधि,२०८३

सम्बत २०८३ को कार्यविधि नं. ६ गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०४/२५

प्रस्तावना

मुलुकको अर्थतन्त्रमा महत्त्वपूर्ण स्थान ओगटेको कृषि तथा पशु पालन व्यसायलाई व्यवस्थित, मर्यादित एवं व्यवसाय कर रोजगारी मुलक बनाउदै स्वच्छ, स्वस्थ एवंम गुणस्तरीय कृषि तथा पशुपंक्षिजन्य उत्पादनहरु आम उपभोक्ता समक्ष सहज रुपमा पुग्न सक्ने वातावरण सिर्जनाका लागि र व्यवसायीक कृषि तथा पशुपालन किसानहरुको आत्मसम्मान र रोजगारि सृजना होस भन्ने अभिप्रायले शुद्धोदन गाउँपालिका पशुसेवा शाखा र बडाहरु बाट बिनियोजन भयका कार्यक्रम संचालन गर्न उद्देश्यले शुद्धोदन गाउँपालिका, मानपकडी, रुपन्देहीले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११, खण्ड "ण" सँग सम्वन्धित कार्यको लागि सोही ऐनको दफा १०२ को उपदफा २ र शुद्धोदन गाउँपालिका गाउँ कार्यपालिकको आर्थिक बर्ष २०८२/८३ को रकम खर्च गर्ने र बिनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन-बमोजिम यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद- १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः- यो कार्यविधिको नाम पशु पन्छी तथा मत्स्य कार्यक्रम संचालन कार्यविधि ,२०८३ यो कार्यविधि शुद्धोदन गाउँपालिका गाउँ कार्यपालिकको कार्यालयबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ

२. परिभाषाः- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा परिच्छेद-४ खण्ड ६ अनुसुचि ३ वटा रहेका छन्न,

क. "गाउँपालिका" भन्नालेशुद्धोदनगाउँपालिका सम्झनु पर्दछ।
ख. "कार्यालय" भन्नाले शुद्धोदनगाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।
ग. "शाखा" भन्नालेशुद्धोदनगाउँपालिका पशुपन्छी तथा मत्स्य विकास शाखा सम्झनु पर्दछ।
घ. "निजी फर्म" भन्नाले एकल वा साझेदारी स्वामित्वमा रहि सम्बन्धित शाखामा दर्ता भएको फर्मलाई सम्झनु पर्दछ ।

ङ. "कृषक" भन्नाले शुद्धोदनगाउँपालिका भित्र पशु पन्छी तथा मत्स्य पालन गरेको लाइ सम्झनु पर्दछ ।

ङ. "कार्यविधि" भन्नाले पशु पन्छी तथा मत्स्य कार्यक्रम संचालन कार्यबिधि ,२०८३ सम्झनु पर्दछ।

३. उद्देश्यहरुः-

क. पशुपालन तथा मत्स्यपालन व्यवसायलाई व्यावसायिक बनाउने।

ख. रोग नियन्त्रण, उत्पादन वृद्धि तथा किसानको आय बढाउने।

ग. आधुनिक प्रविधि, तालिम र यान्त्रिकीकरणलाई प्रोत्साहन गर्ने।

घ. दर्ता भएका फार्म तथा समूहलाई प्राथमिकताका साथ सेवा उपलब्ध गराउने।

ङ. पशुपन्छी तथा मत्स्य विकास शाखा र वडाकार्यालय बाटसंचालन हुने कार्यक्रम हरुलाइ सञ्चालनमा

सहयोग पुर्याउन।

च. गाउँसभाबाट विनियोजित रकमलाई पारदर्शी बनाई सञ्चालन गर्न सहयोग पुग्ने।

छ. पशुपन्छि र मत्स्यपालनमा संलग्न युवा युवतिहरुलाइ रोजगारि सृजना गर्न सहयोग पुर्याउने।

ज. गाउँपालिकालाई दुध, मासु अण्डा र माछामा आत्मनिर्भर बनाई निर्यात गर्न सहयोग गर्ने।

४. भुक्तानि प्रक्रिया

क.अनुदान मा संचालन हुने कार्यक्रम हरुमा बढिमा १० प्रतिसत रकम बाट अनुगमन/ गोष्टी/तालिम/अन्य मा खर्च गर्न सकिनेछ

ख. पशु खोप कार्यक्रम संचालन गर्दा कृषकको गोठमा गई कार्य गर्नुपर्ने भएको हुँदा पशु सेवा शाखामा कार्यरत कर्मचारीलाई पनि कार्यालयको समय बाहेक खोप लगाउन प्रयोग गरे बापत नियमानुसार थप पारिश्रमिक उपलब्ध गराइने छ |

ग. अनुदानमा छनोट भयका लाभग्राहि हरु लाइ नै भुक्तानि दिइनेछ।

खण्ड१

| सि नं | कार्यक्रम | उद्देश्य | मापदण्ड | सञ्चालनगर्नुपर्नेक्रियाकलापहरु | अनुदान कोसीमा |
|---|---|---|---|---|---|
| १ | मत्स्य पालक कृषकका लागि प्रोभाइटिक बितरण कार्यक्रम | मत्स्य पालक किसानहरूको आत्म संम्मान र रोजगारि श्रीजना होस तथा मत्स्य पालनबाट गरिबी निवारण गर्ने गर्न<br>मत्स्य पालन प्रति युवा/युवतिलाइ उत्तप्रेरित गर्ने | ➢ गाउँपालिका भित्र व्यवसाइ माछा उत्तपादन गर्ने किसानहरू हुनुपर्ने<br>➢ माछा उत्पादन बढाउने प्रतिबद्धता गरेको हुनुपर्ने<br>➢ आर्थिक अवस्था कमजोर भएकालाई प्राथमिकता दिने<br>➢ निवेदन माग गर्दा यदि कृषकबाट निवेदन कम पर्न गएमा निवेदन दिएका सबैलाई छनोट गरी सामाग्री वितरण गरिने छ | ➢ ७ दिने सूचना प्रकाशन गरी हाल संम्मा सोहि प्रकितिको अनुदान नपायका लाभग्राही छनोट गरी उत्पादन बढाउने उध्यस्यले तालिम संचालन गरि सहभगि किसानलाइ प्रवभाइटिक बढिमा २ के. जि. वितरण गरि कार्यक्रम सञ्चालन गर्ने | ➢ आर्थिक विकास का समिति को निर्णय अनुसार बढिमा ७५ प्रतिशत अनुदान |

खण्ड २

| सि नं | कार्यक्रम | उद्देश्य | मापदण्ड | सञ्चालनगर्नुपर्नेक्रियाकलापहरु | अनुदानकोसीमा |
|---|---|---|---|---|---|
| ४ | साइलेज बितरण कार्यक्रम | क. गाउपालिका भित्र कृषकले पालेका गाइभैसि भेडाबाखा हरुलाइ साइलेज घाँस खुवाइ मासु/दुध उत्पादन बढाउने लागत घटाउने<br><br>ख. किसानहरुको आत्म संम्मान बढाई र रोजगारि सृजना गरि पशुपालनबाटगरिबी निवारण गर्न<br><br>ख.पशुपालन प्रति युवा/युवतिलाई उत्प्रेरित गर्ने<br><br>ग.गाई, भैसि मा हुने बाँझोपनालाई न्युनिकरण गर्ने<br><br>घ. मकै खेति गर्ने किसानको आय आर्जन कढाउने | क. गाउँपालिकाभित्रव्यवसायिकरुपमादर्ता भएकारसबैकृषकले पालेकागाइ/भैसि/भेडा/बाख्रा/पालेकाकृषकहुनुपर्ने | क.गाउपालिकाबाट लाभग्राहि छनोटकालागि कम्तिमा ७ दिने सुचना प्रकासन गरि प्रति गाइ भैसि दैनिक ४ के.जि. र भेडा बाख्रा दैनिक ५०० ग्रामका दरले बितरण गर्ने<br><br>ख. गोठमा पालियका माउ गाइ भैसि र बाख्रा संख्या को आधारमा आर्थिकबिकास समितिको निर्णय अनुसार साइलेज को परिमाण र लाभग्राहि छनोट गरिनेछ | आर्थिक किकास समितिको को निर्णय अनुसार बढीमा ६० प्रतिसत अनुदान अनुदान दिने |

खण्डः३

| सि नं | कार्यक्रम | उद्देश्य | मापदण्ड | सञ्चालनगर्नुपर्नेक्रियाकलापहरु | अनुदानकोसीमा |
|---|---|---|---|---|---|
| ३ | पशु पालन समुह वा गत आ. ब.मापशुपालन माकाम गरेका समुह हरु को प्रतावनामा आधारित कार्यक्रम । | क. गाउपालिकाभित्र पशु पन्छि तथा मत्स्य पालन क्षेत्रमा काम गर्ने र गरिरहेका समुह तथा सहकारि सगाँ सहकार्यगरि कृषक लाइ आय आर्जन र प्रबिधि हस्तान्त्रण /सामाग्रिहस्तान्त्रण/भ्रमण तथा अन्य कार्यक्रम संचालन गरि कृषक को सिप बिकास र आयआर्जन बढाइ गरिबि न्युनिकरणगर्ने | क.गाउपालिकाभित्र पशु पन्छि तथा मत्स्य पालन क्षेत्रमा काम गर्ने र गरिरहेका समुह हरु | क.कम्तिमा ७ दिनको सुचना प्रकासन गरि लाभग्राहि छनोट गर्ने<br>ख. प्रबिधि हस्तान्त्रण /सामाग्रि बितरण/भ्रमण तथा अन्य कार्यक्रम संचालन गरि कृषक को सिप बिकास र आयआर्जन छन छगरिबि न्युनिकरण<br>हुनेखालका कार्यक्रम संचालन गर्ने | पशु पन्छी पालन तालिम/क्यलसियम/मिनरल र भिटामिन र कुखुराका चल्ला बितरण/भ्रमण लगायत का अन्य कार्यक्रम मा पुर्ण अनुदान र अन्य यन्त्रिकरण का सामाग्रि बितरणमा आर्थिक विकासका समितिको निर्णय अनुसार बढिमा ७५ प्रतिसत अनुदान |

खण्डः४

| सि नं | कार्यक्रम | उद्देश्य | मापदण्ड | सञ्चालन गर्नु पर्ने क्रियाकलापहरु | अनुदानकोसीमा |
|---|---|---|---|---|---|
| ४ | प्रतावनामा/मागमा आधारित पशु पन्छी मत्स्य बिकास कार्यक्रम । | क.गाउपालिकाभित्र पशु पन्छि तथा मत्स्य पालन क्षेत्रमा काम गर्ने कृषक लाइ आयआर्जन बढाइ गरिबि न्युनिकरण गर्ने | क.गाउपालिकाभित्र पशु पन्छि तथा मत्स्य पालन क्षेत्रमा काम गर्ने कृषक हरु | क.कम्तिमा ७ दिनको सुचना प्रकासन गरि लाभग्राहि छनोट गर्ने<br>ख.गोठ/खोर सुधार/माछा का भुरा/बाख्रा पालन/ कुखुरा पालनमा हरु को आयआर्जन लागि चाहिने सामाग्रि मा अनुदान कार्यक्रम संचालन गर्ने | सामाग्रि बितरणमा बढिमा ७५प्रतिसत अनुदान |

खण्डः५

| सि नं | कार्यक्रम | उद्देश्य | मापदण्ड | सञ्चालनगर्नुपर्नेक्रियाकलापहरु | अनुदानकोसीमा |
|---|---|---|---|---|---|
| ५ | क-बाझोपन निबारण सिबिर/आन्तरि<br>ख-परजिबि नियन्त्रण सिबिर<br>ग-थुनेलो रोग परिक्षेण सिबिर सचेतना र सा | क. गाउपालिका भित्रकृषकले पालेका गाइ भैसि भेडा बाख्रा लाइ आन्तरिक परजिबि बिरुद्ध औषदि उपचार को सिबिर गरि मासु/दुध उत्पादन बढाउने लागत घटाउने<br>ख. किसानहरुको आत्म संम्मान बढाई र रोजगारि सृजना गरि पशुपालनबाट गरिबी निवारण गर्न<br>ख.पशुपालन प्रति युवा/युवतिलाई उत्प्रेरित गर्ने<br>ग.गाई,भैसिमा हुने बाँझोपन लाई न्युनिकरण गर्ने | क. गउपालिका भित्र संचालित दुध डेरि हरुमा आउने र अन्य कृषक हुनुपर्ने | क.गाउपालिकाबाट लाभग्राहि छनोटका लागि कम्तिमा ७ दिने सुचना प्रकास गरि गाउँपालिका पशु सेवा साखा बाटकम सेवा लियका दुध डेरि/अन्यकृष लाइ प्राथमिकता मा राखि आर्थिक बिकास समितिको को निर्णय अनुसार लाभग्राहि छनोट गर्ने<br>ख. गोबर परिक्षण गरि औषदि बितरण गर्ने | सिबिरमा निसुल्क बितरण गर्ने |

अनुसूची-१

छनौट तथा मूल्यांकन फारम

## शुद्धोदन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

## मानपकडी, रुपन्देही

किसानको नामः.......... ठेगानाः............ मिति..........

माग गरेको सामाग्रि कोनामः.............सम्पर्क नं.....................

**मुल्याङ्कनकफारम**

| क्र.सं. | विवरण (सुचक) | भार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | स्थलगत भौतिकपूर्वाधार र को अवस्था | १० | | |
| २ | विगत २ वर्ष अगाडि यस्तै किसिमको कार्यक्रममा सहभागीभएनभएको | १० | | |
| ३ | गोटको सरसफाइअवस्था | १० | | |
| ४ | दैनिक दुध उत्पादन २० लिटर मन्दामाथि | १० | | |
| ५ | आर्थिक पक्ष तथा लगानीको अवस्था | १० | | |
| ६ | तलिम लिइएको वा न लिएको | १० | | |
| ७ | घाँस लगायकोजग्गाको क्षत्रफल ५ कठ्ठ भन्दा माथि | १० | | |
| ८ | बैदेसिक रोजगार बाट फर्केको | १० | | |
| ९ | प्राविधिकअवस्था | १० | | |
| १० | पालिका गाइ/भैसि माउ<br>५ भन्दा बढि १०<br>३ भन्दा बढि ५<br>१ देखि ३ वटा ३<br>नपालेकौ भए ० | १० | | |
| ११ | यदि निवेदन कम परेको खण्डमा सबै कृषकहरुलाई लाभग्राहीको रुपमा छनोट गरि अनुदान दिइनेछ | | | | |
| | जम्मा | १०० | | |

बिबरण दिने को नाम ........................... सहि.....................

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः- २०८३/०४/२५

आज्ञाले

लेख बहादुर बस्नेत

प्रमुख प्रशासकीय अधिकृत